# कृषि सामग्री कम्पनी लिमिटेड

कुलेश्वर, काठमाडौं

## वित्तीय अवस्थाको विवरण

२०८२ साल आषाढ मसान्तको

रू

| विवरण | नोट | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) | १ श्रावण २०८० (परिमार्जित) |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| **गैर चालू सम्पत्ति** | | | | |
| सम्पत्ति, प्लाण्ट तथा उपकरण | ३ | ११,९४०,३४६,१६८ | ११,९४९,७६६,१२५ | ११,९४६,५९०,६५७ |
| अमूर्त सम्पत्ति | ४ | ३,९५०,००० | ३,९५०,००० | ४,१६६,७३४ |
| लगानी उद्देश्य भएका स्थिर सम्पत्ति | ५ | ५७०,५३०,९६२ | ५७१,४९५,६६६ | ५७२,४६०,३६९ |
| सम्पत्ति प्रयोग गर्ने अधिकार | ६ | ४१,०१४,३८२ | ३८,७२१,७८५ | ४४,७९८,९३७ |
| सहायक कम्पनीमा लगानी | ७ | - | - | - |
| अन्य लगानी | ८ | १३२,७६०,६३४ | १००,८९३,५९० | ८४,७५१,३२४ |
| स्थगन कर सम्पत्ति | ९ | | - | - |
| अन्य गैर चालू सम्पत्ति | १० | २९५,२२२,१९६ | ३७५,८८४,४५५ | ३१६,६१०,८३६ |
| **जम्मा गैर चालू सम्पत्ति** | | १२,९८३,८२४,३४२ | १३,०४०,७११,६२० | १२,९६९,३७८,८५७ |
| **चालू सम्पत्ति** | | | | |
| स्टक मौज्दात | ११ | ४,४१९,४७५,४४० | ३,१५७,१०६,९५० | १,०९१,८३८,१९१ |
| व्यापारिक आसामी लिनुपर्ने | १२ | ३३६,९७४,६७९ | १,९५१,१४१,४६१ | २१,१२९,६५० |
| चालू कर सम्पत्ति | १३ | | ४४,३७३,५१० | ८०,९४८,०६६ |
| अन्य चालू सम्पत्ति | १० | ३६७,८५३,४८१ | २७८,३६१,९८६ | २५३,०१७,३२० |
| नगद र नगद सरह | १४ | ७,२६३,८२१,५०७ | ५,५९४,५५६,२०३ | ३,३५५,६१८,३८१ |
| **जम्मा चालू सम्पत्ति** | | १२,३८८,१२५,१०७ | ११,०२५,५४०,११० | ४,८०२,५५१,६१० |
| **जम्मा सम्पत्ति** | | २५,३७१,९४९,४४९ | २४,०६६,२५१,७३१ | १७,७७१,९३०,४६७ |
| **कोष तथा दायित्व** | | | | |
| **कोष** | | | | |
| शेयर पुंजी | १५ | ८९३,३०८,१०० | ८९३,३०८,१०० | ८९३,३०८,१०० |
| जगेडा तथा कोषहरू | १६ | ९,११६,५२७,८४० | ९,२१२,७४४,३२२ | ९,१५६,७१५,६८६ |
| सचिंत नाफा/नोक्सान | | २,२२७,८९०,९५१ | १,८५८,९४५,६२७ | १,६२५,१७७,५०० |
| **जम्मा कोष** | | १२,२३७,७२६,८९१ | ११,९६४,९९८,०४९ | ११,६७५,२०१,२८५ |
| **दायित्व** | | | | |
| **गैर चालू दायित्व** | | | | |
| ऋण सापटी | १७ | - | - | - |
| व्यवस्थाहरू | १८ | १२०,७७६,५४६ | ९५,६४९,६६५ | ८२,६२४,८१२ |
| स्थगन कर दायित्व | ९ | २,७०४,२१८,५३३ | २,७१६,३८४,२४६ | २,६८४,६७४,९६६ |
| अन्य गैर चालू दायित्व | १९ | ४६३,६२१,०४० | ३७२,८०७,८६६ | ३५१,०७३,०४८ |
| **जम्मा गैर चालू दायित्व** | | ३,२८८,६१६,११९ | ३,१८४,८४१,७७७ | ३,११८,३७२,८२६ |
| **चालू दायित्व** | | | | |
| ऋण सापटी | १७ | | - | - |
| व्यापारिक साहू तिर्नुपर्ने | २० | ८,९००,०७२,०३१ | ८,०५९,६६९,०६४ | २,६३८,३९८,३९४ |
| व्यवस्थाहरू | १८ | ६२९,८८८,२६६ | ४६५,७७५,६१७ | २१७,१०६,३६४ |
| चालू कर दायित्व | १३ | १,३४७,४१९ | - | - |
| पट्टा दायित्व | ६ | ४४,३९१,२४९ | ४८,७६४,८८७ | ५०,४७२,२९७ |
| अन्य चालू दायित्व | १९ | २६९,९०७,४७४ | ३४२,२०२,३३७ | ७२,३७९,२९९ |
| **जम्मा चालू दायित्व** | | ९,८४५,६०६,४३९ | ८,९१६,४११,९०५ | २,९७८,३५६,३५५ |
| **जम्मा दायित्व** | | १३,१३४,२२२,५५८ | १२,१०१,२५३,६८२ | ६,०९६,७२९,१८१ |
| **जम्मा कोष तथा दायित्व** | | २५,३७१,९४९,४४९ | २४,०६६,२५१,७३१ | १७,७७१,९३०,४६७ |
| संभावित दायित्व | १८ | | | |
| **प्रति शेयर खुद सम्पत्ति** | | १,३७३ | १,३४२ | १,३१० |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

पुण्य प्रसाद उपाध्याय
का.मु. प्रबन्धक
आर्थिक महाशाखा

विष्णु प्रसाद पोखरेल
प्रबन्ध सञ्चालक

सदस्य

डा. प्रद्युम्नराज पाण्डे
सदस्य

सेवन्तक पोखरेल
सदस्य

प्रदीप कुमार कोईराला
सदस्य

उत्तर कुमार खत्री
सदस्य

डा. रामकृष्ण श्रेष्ठ
अध्यक्ष

# कृषि सामग्री कम्पनी लिमिटेड

कुलेश्वर, काठमाडौं

## नाफा नोक्सान विवरण

२०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्म

रू

| विवरण | नोट | यस वर्ष | गत वर्ष (परिमार्जित) |
|---|---|---|---|
| बिक्री | २१ | ९,८०१,८४८,७७५ | ७,२७२,१५६,३११ |
| अन्य व्यवसायिक आम्दानी | २२ | १९,०८३,१८३,५७७ | १६,५४७,३७१,३३२ |
| कूल आम्दानी | | २८,८८५,०३२,३५२ | २३,८१९,५२७,६४३ |
| खर्च | | | |
| बिक्री लागत खर्च | २३ | २७,९२६,९७७,९४५ | २२,८९६,१६६,५४० |
| कर्मचारी खर्च | २४ | १५६,७९१,२७७ | १७७,५८९,०५८ |
| प्रशासकिय खर्च | २६ | १००,६११,५८२ | ८९,०८६,१८७ |
| ह्रास खर्च | ४, ५, ६ | २४,७७४,९२५ | २३,९३०,५२० |
| क्षयीकरण घाटा | ५ | – | ९६,५०२ |
| कूल खर्च | | २८,२०९,१५५,७२९ | २३,१८६,८६८,८०७ |
| संचालनवाट मुनाफा | | ६७५,८७६,६२३ | ६३२,६५८,८३६ |
| असाधारण आम्दानी/(खर्च) | २५ | (१८१,८१८,१८७) | (२९१,०९४,७२९) |
| बोनस र आयकर अघिको मुनाफा | | ४९४,०५८,४३६ | ३४१,५६४,१०७ |
| कर्मचारी बोनस | | २३,५२६,५९२ | १७,७१२,३२७ |
| विगत वर्षहरूको समायोजनमा कर्मचारी बोनस | | (१,२३४,४८७) | १,००२,९४३ |
| आयकर अघिको मुनाफा | | ४७१,७६६,३३१ | ३२२,८४८,८३७ |
| चालु वर्षको आयकर | | ८२,९१४,५५९ | ६९,१८९,४६७ |
| स्थगन कर आम्दानी /(खर्च) | | (१९,९०६,४४७) | (२४,६८१,३८०) |
| चालु वर्षको मुनाफा | | ३६८,९४५,३२५ | २२८,९७७,९९० |
| कर पछिको खुद मुनाफा | | ३६८,९४५,३२५ | २२८,९७७,९९० |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | | ४१.३९ | २५.६९ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | | ४१.३९ | २५.६९ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

पुण्य प्रसाद उपाध्याय
का.मु. प्रबन्धक
आर्थिक महाशाखा

विष्णु प्रसाद पोखरेल
प्रबन्ध सञ्चालक

सदस्य

डा. प्रद्युम्नराज पाण्डे
सदस्य

सेवन्तक पोखरेल
सदस्य

प्रदीप कुमार कोईराला
सदस्य

उत्तर कुमार खत्री
सदस्य

डा. रामकृष्ण श्रेष्ठ
अध्यक्ष

सि.ए. प्रविण राज काफ्ले
मुख्य लेखापरीक्षक

सि.ए. प्रयास श्रेष्ठ
मुख्य लेखापरीक्षक

उपमहालेखापरीक्षक
महालेखापरीक्षकको कार्यालय

# कृषि सामग्री कम्पनी लिमिटेड

कुलेश्वर, काठमाडौं

नगद प्रवाह विवरण

२०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्म

रू

| विवरण | यस वर्ष | गत वर्ष (परिमार्जित) |
|---|---|---|
| **कारोबार संचालन बाट नगद प्रवाह** | | |
| यस वर्षको खुद नाफा(नोक्सानी) | ३६८,९४५,३२५ | २२८,९७७,९९० |
| समायोजन | | |
| ह्रास खर्च/क्षयीकरण घाटा | २४,७७४,९२५ | २४,०२७,०२२ |
| ह्रास खर्च/क्षयीकरण घाटा (प्रत्यक्ष खर्चमा) | ४,८४५,३४० | ४,७२८,४१३ |
| अन्य गैह नगद खर्चहरू | – | |
| स्थगन कर दायित्व | (१२,१६५,७१३) | ३१,७०९,२८० |
| **कार्यशिल पूंजीमा परिवर्तन अघिको नगद प्रवाह** | **३८६,३९९,८७७** | **२८९,४४२,७०५** |
| गैर चालु सम्पत्तिमा भएका कमी/(वृद्धि) | ८०,६६२,२५९ | (५९,२७३,६२०) |
| चालु सम्पत्तिमा भएका कमी/(वृद्धि) | ३०६,६८०,३०८ | (३,९८४,०५०,६७९) |
| सम्पत्ति प्रयोग गर्ने अधिकारमा कमी/(वृद्धि) | (१०,०९२,४५२) | (१,५७१,०७३) |
| गैर चालु दायित्वमा भएका वृद्धि/(कमी) | ११५,९४०,०५५ | ३४,७५९,६७१ |
| चालु दायित्वमा भएका वृद्धि/(कमी) | ९२९,१९४,५३४ | ५,९३८,०५५,५५० |
| **कार्यशिल पूंजीमा परिवर्तन जम्मा** | **१,४२२,३८४,७०५** | **१,९२७,९१९,८४८** |
| **संचालन गतिविधिवाट नगद प्रवाह** | **१,८०८,७८४,५८२** | **२,२१७,३६२,५५३** |
| **लगानी गतिविधि** | | |
| स्थिर सम्पत्तिमा थप | (११,४३५,७५१) | (२३,१०१,२३९) |
| अमूर्त सम्पत्ति | – | – |
| बिक्री तथा अपलेखन | – | – |
| स्थीर सम्पत्ति बिक्री | – | – |
| अन्य लगानीमा कमी/(वृद्धि) | (३१,८६७,०४४) | (१६,१४२,२६६) |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | **(४३,३०२,७९६)** | **(३९,२४३,५०५)** |
| **वित्तिय गतिविधि** | | |
| पूंजीमा वृद्धि | – | – |
| जगेडा तथा कोषहरूमा (कमी)/वृद्धि | (९६,२१६,४८२) | ६०,८१८,७७३ |
| **वित्तिय गतिविधिबाट नगद प्रवाह** | **(९६,२१६,४८२)** | **६०,८१८,७७३** |
| | | |
| **खुद नगद र नगद सरहमा वृद्धि (न्यून)** | १,६६९,२६५,३०४ | २,२३८,९३७,८२१ |
| **शुरू नगद र नगद सरह मौज्दात** | ५,५९४,५५६,२०३ | ३,३५५,६१८,३८१ |
| **वर्षान्तिको नगद र नगद सरह मौज्दात** | ७,२६३,८२१,५०७ | ५,५९४,५५६,२०३ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

पुण्य प्रसाद उपाध्याय
का.मु. प्रबन्धक
आर्थिक महाशाखा

विष्णु प्रसाद पोखरेल
प्रबन्ध सञ्चालक

सदस्य

डा. प्रद्युम्नराज पाण्डे
सदस्य

सेवन्तक पोखरेल
सदस्य

प्रदीप कुमार कोईराला
सदस्य

उत्तर कुमार खत्री
सदस्य

डा. रामकृष्ण श्रेष्ठ
अध्यक्ष

सि.ए. प्रविण राज काफ्ले

सि.ए. [illegible] श्रेष्ठ

# कृषि सामग्री कम्पनी लिमिटेड

कुलेश्वर, काठमाडौं

## अन्य विस्तृत आयको विवरण

२०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्म

रू

| विवरण | यस वर्ष | गत वर्ष (परिमार्जित) |
| --- | --- | --- |
| वर्ष भरिको खुद नाफा/(नोक्सान) | ३६८,९४५,३२५ | २२८,९७७,९९० |
| अन्य विस्तृत आम्दानी (कर कट्टी पश्चात्) | | |
| नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने शिर्षकहरू: | | |
| बजार मूल्यमा मापन हुने इक्वीटि उपकरणमा परिवर्तन | ३१,८६७,०४४ | १६,१४२,४९० |
| जग्गाको पुनर्मूल्याङ्कनमा भएको नाफा/(नोक्सान) | - | - |
| परिभाषित लाभ योजनामा भएको विमाङ्किक नाफा/(नोक्सान) | (१६०,१५५,६८७) | ११,९६९,२३४ |
| माथि उल्लेखित विवरणसंग सम्बन्धित कर | ३२,०७२,१६१ | (७,०२७,९३१) |
| कर पछिको विस्तृत मुनाफा | २७२,७२८,८४३ | २५०,०६१,७८३ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

पुण्य प्रसाद उपाध्याय
का.मु. प्रबन्धक
आर्थिक महाशाखा

विष्णु प्रसाद पोखरेल
प्रबन्ध सञ्चालक

सदस्य

डा. प्रद्युम्नराज पाण्डे
सदस्य

सेवन्तक पोखरेल
सदस्य

प्रदीप कुमार कोईराला
सदस्य

उत्तर कुमार खत्री
सदस्य

डा. रामकृष्ण श्रेष्ठ
अध्यक्ष

सि.ए. प्रविण राज काफ्ले
मुख्य लेखापरीक्षक

सि.ए. प्रयास श्रेष्ठ
मुख्य लेखापरीक्षक

उपमहालेखापरीक्षक
महालेखापरीक्षकको कार्यालय

कृषि सामग्री कम्पनी लिमिटेड
कुलेश्वर, काठमाडौं

# इक्विटीमा भएको परिवर्तन

२०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्म

रू

| | शेयर पुंजी | जगेडा कोष | पुंजिगत जगेडा कोष | स्थिर सम्पत्ति पुंजिगत कोष | फेयर मूल्य कोष | पूनर्मुल्याङ्कन कोष | विमाङ्किक नाफा/नोक्सान कोष | संचित नाफा/नोक्सान | अन्य (समायोजन कोष) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वण ०१ को मौज्दात | ८९३,३०८,१०० | ५४२,४९९,१०७ | १०,८८८,८७७ | ३०,७७३,६६४ | ६२,८३१,४१८ | ८,४७९,३९५,०६० | २५,२८४,६२६ | १,६६२,६५७,१८७ | ५,०४२,९३४ | ११,७१२,६८०,९७२ |
| | | | - | - | | - | | (३७,४७९,६८७) | - | (३७,४७९,६८७) |
| वण ०१ को परिम-र्जित मौज्दात | ८९३,३०८,१०० | ५४२,४९९,१०७ | १०,८८८,८७७ | ३०,७७३,६६४ | ६२,८३१,४१८ | ८,४७९,३९५,०६० | २५,२८४,६२६ | १,६२५,१७७,५०० | ५,०४२,९३४ | ११,६७५,२०१,२८५ |
| ०८०।८१ भरीको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | २२८,९७७,९९० | - | २२८,९७७,९९० |
| करण (शेयर)को उचित मूल्य परिवर्तनबाट ा/(नोक्सान) | - | - | - | - | १२,१०६,८६८ | - | - | - | - | १२,१०६,८६८ |
| ाफा (नोक्सान) | - | - | - | - | - | - | ८,९७६,९२६ | - | - | ८,९७६,९२६ |
| ोषमा स्थानान्तरण भएको | - | - | १४,५७४,५२८ | २०,३७०,४०८ | - | - | - | - | - | ३४,९४४,९३६ |
| | - | - | - | - | (९३) | - | - | ४,७९०,१३७ | - | ४,७९०,०४४ |
| ८०।८१ को अन्तिम मौज्दात | ८९३,३०८,१०० | ५४२,४९९,१०७ | २५,४६३,४०५ | ५१,१४४,०७२ | ७४,९३८,१९२ | ८,४७९,३९५,०६० | ३४,२६१,५५१ | १,८५८,९४५,६२७ | ५,०४२,९३४ | ११,९६४,९९८,०४९ |
| ०८१।८२ भरीको नाफा/(नोक्सान) | | | | | | | | ३६८,९४५,३२५ | | ३६८,९४५,३२५ |
| करण (शेयर)को उचित मूल्य परिवर्तनबाट ा/(नोक्सान) | | | | | २३,९००,२८३ | | (१२०,११६,७६५) | | | (९६,२१६,४८२) |
| ाफा (नोक्सान) | | | | | | | | | | - |
| ोषमा स्थानान्तरण भएको | | | | | | | | | | - |
| | | | | | | | | | | - |
| ८१।८२ को अन्तिम मौज्दात | ८९३,३०८,१०० | ५४२,४९९,१०७ | २५,४६३,४०५ | ५१,१४४,०७२ | ९८,८३८,४७६ | ८,४७९,३९५,०६० | (८५,८५५,२१४) | २,२२७,८९०,९५१ | ५,०४२,९३४ | १२,२३७,७२६,८९१ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

पुण्य प्रसाद उपाध्याय
का.मु. प्रबन्धक
आर्थिक महाशाखा

विष्णु प्रसाद पोखरेल
प्रबन्ध सञ्चालक

सदस्य

डा. प्रद्युम्नराज पाण्डे
सदस्य

सेवन्तक पोखरेल
सदस्य

प्रदीप कुमार कोईराला
सदस्य

उत्तर कुमार खत्री
सदस्य

डा. रामकृष्ण श्रेष्ठ
अध्यक्ष

सि.ए. प्रविण राज काफ्ले
मुख्य लेखापरीक्षक

सि.ए. प्रयास श्रेष्ठ
मुख्य लेखापरीक्षक

उपमहालेखापरीक्षक
महालेखापरीक्षकको कार्यालय

# कृषि सामग्री कम्पनी लिमिटेड

कुलेश्वर, काठमाडौं

## वित्तीय विवरणका टिप्पणीहरू

### १ संगठनात्मक जानकारी

"कृषि सामग्री कम्पनी लिमिटेड", कुलेश्वर, काठमाण्डौं, नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय सहकारी विकास वोर्ड, राष्ट्रिय चिया तथा कफि विकास बोर्ड, राष्ट्रिय दुग्ध विकास वोर्ड, दुग्ध विकास संस्थान तथा कृषि चून उद्योग लिमिटेडको शेयर लगानीबाट तत्कालीन कम्पनी ऐन २०५३ बमोजिम २०५९ वैशाख २५ गते, कम्पनी रजिष्ट्रारको कार्यालयमा ८१६।०५८।५९ रजिस्ट्रेसन नम्बर सहित सरकारी लगानीको कम्पनीको रुपमा दर्ता भई स्थापित भएको छ। कम्पनी २०५९ असोज १ गते आयकरको प्रयोजनको लागि आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्बर ३०११२७४५९ मा दर्ता गरिएको छ।

यस कम्पनीको मुख्य उद्देश्य देशको कृषि क्षेत्रमा आवश्यकता अनुसार विभिन्न प्रकारको रासायनिक मल विउविजन उत्पादन, खरिद, आयात र विक्री वितरण गरी रासायनिक मलको सुलभ तथा सुपथ मूल्यमा आपूर्ति गर्नुको साथै कृषि उत्पादनको बृद्धिमा सहयोग पुऱ्याउने रहेको छ।

यस कम्पनीको प्रधान कार्यालय, कुलेश्वर काठमाण्डौमा रहेको छ। सात वटा प्रादेशिक कार्यालय अन्तर्गत ३३ वटा शाखा, १ वटा बिउ बिजन उत्पादन फार्म गरी ४२ वटा कार्यालयको माध्यमबाट कम्पनीको उद्देश्य अनुरुप आर्थिक कारोवार संचालन हुने गरेको छ।

### २ वित्तीय विवरण तयारीको आधार र अन्य महत्वपूर्ण लेखा नीतिहरू

### २.१ वित्तीय विवरण तयारीको आधार (Basis of Preparation)

कृषि सामग्री कम्पनी लिमिटेडका वित्तीय विवरण नगद प्रवाह विवरणको जानकारी बाहेक प्रोदभावी लेखाको आधारमा तयार गरिएको छ। नगद प्रवाह विवरण अप्रत्यक्ष विधि प्रयोग गरी नगद आधारमा तयार गरिएको छ। वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सानको विवरण र अन्य विस्तृत आयको विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाहको विवरण, वित्तीय विवरण सम्बन्धी टिप्पणीहरू, महत्त्वपूर्ण लेखा नीतिहरू र हिसाव मिलानको विवरणहरू समावेश हुन्छन्। विशेष रूपमा खुलासा गरिएका लेखा नीतिहरूमा भएका परिवर्तनहरू बाहेक प्रस्तुत गरिएका सबै वर्षहरूमा लेखा नीतिहरू निरन्तर रूपमा लागु हुन्छन्।

### २.१.१. अनुपालन विवरण (Statement of Compliance)

संलग्न वित्तीय विवरणहरु नेपाल लेखामान बोर्डद्वारा प्रकाशन तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था द्वारा घोषणा गरिए अनुसार नेपाल वित्तीय प्रतिवेदन मान-२०१८ बमोजिम तयार पारी संचालक समितिबाट अनुमोदन गरिएको छ।

यी मानहरू अन्यथा उल्लेख भएका अवस्थाहरुमा बाहेक प्रस्तुत गरिएका सबै वर्षहरूमा लगातार लागू भएका छन्।

प्रभावकारी ब्याज दर (Effective Interest Rate) को गणना सम्बन्धमा लेखामान बोर्डले जारी गरेको Carve-out अनुरूप, सम्झौताका पक्षहरू बीच प्रभावकारी ब्याज दरको अभिन्न अंग मानिने कुरालाई विश्वसनीय रूपमा निर्धारण गर्न अव्यावहारिक भएको हुनाले, प्रभावकारी ब्याज दर निर्धारण गरिएको छैन।

२.१.२. निरन्तरताको अवधारणा /लाभकारी कारोबार/नाफामुलक कारोबार (Going Concern)

कम्पनी भविष्यमा पनि निरन्तर रुपमा संचालित रहन्छ भन्नेमा संचालक समिति विश्वस्त भएकोले कम्पनीका वित्तीय प्रतिवेदनहरु निरन्तरताको अवधारणाको आधारमा तयार गरिएका छन् । निरन्तरताको अवधारणाको सहि मूल्यांकनको लागि संचालक समितिले नाफाको वर्तमान र भावि अवस्था तथा अनुमानहरु, नगद प्रवाह र पूंजीगत स्रोतहरुको सूचनाको बारेमा व्यापक रुपमा विचार गरेको छ ।

संचालक समितिले सेवा प्रवाहमा सारभुत रुपमा प्रभाव पार्ने अनिश्चतताका संकेतहरु नपाएको हुँदा व्यवसायको निरन्तरताको अवधारणाको बारेमा शंका गर्नुपर्ने देखिदैन ।

२.१.३. मापनको आधार (Basis of Measurement)

वित्तीय विवरणहरू निम्न उल्लेखित अवस्थामा बाहेक ऐतिहासिक लागतको आधारमा तयार गरिएको छ ।

| विवरण | आधार |
|---|---|
| वित्तीय उपकरण ( शेयर लगानी) | उचित मूल्य (Fair Value) (अन्य विस्तृत आय मार्फत) |
| अन्य वित्तीय उपकरण | परिशोधित लागत (Amortised Cost) |
| जग्गा (स्थिर सम्पत्ति) | पुनर्मूल्यांकन विधि (Revaluation Model) (अन्य विस्तृत आय मार्फत) |

- परिशोधित लागतमा राखिएको "कर्मचारी ऋण" लाई ऋणको ब्याज ७ प्रतिशतको दरले मापन गरिएको छ ।
- सम्पत्ति प्रयोग गर्ने अधिकार गणना प्रयोजनको लागि ऋणको ब्याज ७ प्रतिशत लिईएको छ ।
- परिभाषित लाभ दायित्वको गणना "Projected Unit Credit" विधी प्रयोग गरी गरिएको छ ।

२.१.४. कार्यात्मक र प्रस्तुतीकरण मुद्रा (Functional and Presentation Currency)

कम्पनीको वित्तीय विवरण नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएको छ जुन कम्पनीले सञ्चालन गर्ने प्राथमिक आर्थिक वातावरणको मुद्रा हो । कार्यात्मक तथा प्रस्तुति मुद्रामा जुलाई १६, २०२५ मा समाप्त भएको वर्षभरी कुनै परिवर्तन भएको छैन । NPR मा प्रस्तुत गरिएका सबै वित्तीय जानकारीहरू अन्यथा उल्लेख भएका अवस्थाहरुमा बाहेक निकटतम रुपैयामा राउन्ड गरिएको छ ।

## २.१.५. रिपोर्टिंग अवधि (Reporting period)

कम्पनीले नेपाली पात्रो (क्यालेन्डर) प्रयोग गरी नेपाली आर्थिक वर्ष बमोजिम वित्तीय विवरण तयार गर्दछ । आर्थिक अवधि नेपाली पात्रो बमोजिम कुनै वर्षको श्रावण महिनाको पहिलो दिन (मध्य जुलाई) देखि आउँदो वर्षको असार महिनाको अन्तिम दिन (मध्य जुलाई) को अवधि हो ।

चालु तथा गत आ.व.को वित्तिय विवरणसँग सान्धर्भिक रहेका मिति तथा अवधि निम्नानुसार रहेका छन् ।

| विवरण | नेपाली पात्रोको मिति / अवधि | अग्रेजी पात्रोको मिति / अवधि |
|---|---|---|
| • चालु आ.व.को वित्तीय स्थिति विवरण मिति | ३२ आषाढ २०८२ | १६ - जुलाई - २०२५ |
| • गत आ.व.को वित्तीय स्थिति विवरण मिति | ३१ आषाढ २०८१ | १५ - जुलाई - २०२४ |
| • चालु आ.व.को रिपोर्टिङ्ग अवधी | १ श्रावण २०८१ - ३२ आषाढ २०८२ | १६ जुलाई २०२४ - १६ जुलाई २०२५ |
| • गत आ.व.को रिपोर्टिङ्ग अवधी | १ श्रावण २०८०- ३१ आषाढ २०८१ | १७ जुलाई २०२३- १५ जुलाई २०२४ |

## २.१.६. वित्तीय विवरणहरूको प्रस्तुति

वित्तीय अवस्थाको विवरणमा प्रस्तुत गरिएको कम्पनीको सम्पत्ति र दायित्वलाई तरलताको क्रममा समूहबद्ध गरिएको छ । नाफा नोक्सानको विवरण खर्चको प्रकृतिको आधारमा वर्गीकरण गरी तयार गरिएको छ । नगद प्रवाहको विवरण अप्रत्यक्ष विधि प्रयोग गरी तयार गरिएको छ ।

अघिल्लो वर्षहरूको तथ्यांक तुलना गर्न सहज होस भन्ने उद्देश्यले आवश्यक पर्ने ठाउँमा पुन: व्यवस्थित तथा पुनःवर्गीकरण गरिएको छ । आवश्यकता अनुसार उपयुक्त खुलासा गरिएको छ ।

## २.१.७. उल्लेखनीयता र एकत्रीकरण (Materiality and Aggregation)

नेपाल लेखामान - ०१ (वित्तीय विवरणहरूको प्रस्तुतीकरण) अनुरुप समान वस्तुहरूको प्रत्येक सामग्री वर्गलाई वित्तीय विवरणहरूमा अलग-अलग प्रस्तुत गरिएको छं । भिन्न प्रकृतिका वस्तुहरू वा कार्यहरू समेत अव्यवहारिक नभएसम्म अलग-अलग रूपमा प्रस्तुत गरिएका छन् । वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरुलाई अफसेट गरी खुद रकम वित्तीय स्थितिको विवरणमा तब मात्र रिपोर्ट गरिन्छ जब त्यहाँ त्यस्तो रकम अफसेट गर्न कानूनी रूपमा लागू हुने अधिकार हुन्छ र त्यहाँ खुद आधारमा राफसाफ गर्ने वा एकैसाथ सम्पत्ति प्राप्त गर्ने र दायित्व पुरा गर्ने मनसाय रहेको हुन्छ । आय र व्यय तबसम्म नाफा वा नोक्सानको विवरणमा अफसेट हुँदैन जबसम्म आवश्यक मानिदैन वा लेखामानले अनुमति दिएको हुँदैन ।

## २.१.८. महत्वपूर्ण लेखा नीतिहरू र परिवर्तन

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप कम्पनीको परिस्थिति तथा सञ्चालनका लागि सबैभन्दा उपयुक्त लेखा नीतिहरू अपनाउनु पर्ने हुन्छ । कम्पनीको संचालक समिति र व्यवस्थापनले त्यस्ता वस्तुहरूको सम्बन्धमा निर्णय गर्न आवश्यक हुन्छ जहाँ विशेष नीति, लेखा अनुमान वा पालना गर्नुपर्ने पुर्वानुमानले कम्पनीले प्रस्तुत गर्ने वित्तीय स्थिति, नतिजा वा नगद प्रवाहलाई भौतिक रूपमा प्रभाव पार्न सक्छ ।

विशेष लेखा नीतिहरू वित्तीय विवरणहरूको प्रत्येक वस्तुहरूको लागि टिप्पणीहरूको विशेष खण्डमा समावेश गरिएको हुन्छ जसमा लेखा नीतिहरू वा लेखा नीतिहरूमा भएको परिवर्तनहरूको खुलासा आवश्यक हुन्छ । परिवर्तनहरूको प्रभाव तथा प्रकृति समेत खुलासा गरिएको हुन्छ ।

## २.१.९. वित्तीय विवरणको लागि जिम्मेवारी

कम्पनीको वित्तीय विवरणहरू तयार गर्ने र प्रस्तुत गर्ने दायित्व संचालक समितिको हुन्छ ।

## २.१.१०. अनुमान, धारणा तथा स्वविवेकको प्रयोग (Use of Estimates, Assumptions and Judgments)

कम्पनीले NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन बनाउंदा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाएको छ । कम्पनी व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समयानुकुल पूनरावलोकन गरी आवश्यक भएको अवस्थामा समायोजन गर्ने गरेको छ ।
वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रमा अनुमान, धारणा तथा स्वविवेकको महत्वपूर्ण स्थान हुन्छ :

- वित्तीय उपकरणको बजार मूल्य (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयुक्त प्रयोग अवधि (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व (Defined Benefit Obligations)
- सम्भावित दायित्व (Contingent Liabilities)

## २.१.११. प्रभावकारी ब्याज दर (Effective Interest Rate)

वित्तीय सम्पत्ति र दायित्वहरूले निश्चित मापदण्ड पुरा गरेको खण्डमा परिशोधित लागतको रूपमा उल्लेख गरिएको छ । परिशोधित लागतको गणना अधिग्रहण गर्दाको वखतको छुट वा प्रिमियम वा प्रभावकारी ब्याज दरको गणनामा अभिन्न हुने शुल्क वा लागतलाई ध्यानमा राखेर गरिन्छ । वित्तीय उपकरणको अपेक्षित जीवनकालभर वा सान्दर्भिकता अनुसार केही छोटो अवधिको समयमा हुने अनुमानित नगद भुक्तानी वा प्राप्तिलाई डिस्काउन्टिङ्ग गर्दा उक्त वित्तीय उपकरणको वर्तमान खुद सर्ने रकम वरावर हुने दर नै प्रभावकारी ब्याज दर हो ।

प्रभावकारी ब्याज दर (Effective Interest Rate) को गणना सम्बन्धमा लेखामान बोर्डले जारी गरेको Carve-out अनुरूप, सम्झौताका पक्षहरू बीच प्रभावकारी ब्याज दरको अभिन्न अंग मानिने कुरालाई विश्वसनीय रूपमा निर्धारण गर्न अव्यावहारिक भएको हुनाले, प्रभावकारी ब्याज दर निर्धारण गरिएको छैन ।

## २.१.१२ त्रुटी र सुधार (Errors and Correction)

वित्तीय विवरणका तत्वहरूको पहिचान, मापन, प्रस्तुतीकरण, वा खुलासाको सम्बन्धमा त्रुटिहरू उत्पन्न हुन सक्छन् । चालु अवधिमा फेला परेका सम्भावित चालु अवधिका त्रुटीहरु बित्तिय विवरण जारि गर्न स्वीकृत हुनु अगावै सच्याइन्छ। बिगत एक वा बढी अवधिहरुको बित्तिय विवरण तयार गर्दा त्रुटीहरु चालु अवधिमा पत्ता लाग्न सक्छन् । विगतको वित्तीय विवरणमा त्रुटी फेला पर्यो भने निम्नानुसार सच्चाईन्छ ।

- प्रस्तुत गरिएको अघिल्लो अवधिमा त्रुटि भएमा, तुलनात्मक रकमहरू परिमार्जन गरेर;
- यदि त्रुटि, प्रस्तुत गरिएको सबैभन्दा पुरानो अघिल्लो अवधि अघि भएको थियो भने, प्रस्तुत गरिएको सबैभन्दा पुरानो अघिल्लो अवधिको लागि सम्पत्ति, दायित्व र इक्विटीको सुरु ब्यालेन्सहरू परिमार्जन गरेर ।

कम्पनीले यस आ.व.मा विगतको आ.व.हरुको वित्तीय विवरणमा भएको त्रुटी सुधारका लागि तुलनात्मक अवधिको वित्तीय स्थितिको सुरुको विवरणमा समायोजन गरेको छ। समायोजन गरिएका त्रुटिहरूको विवरण निम्नानुसार छन् ।

**सम्पत्ति प्रयोग गर्ने अधिकार/पट्टा दायित्व**

आर्थिक वर्ष २०७८-७९ मा कम्पनीले हेटौंडामा जग्गा भाडा (Lease) मा लिने सम्झौता गरे तापनि उक्त कारोबार अघिल्ला वर्षहरूका वित्तीय विवरणहरूमा समावेश हुन छुटेको हुनाले वर्तमान आर्थिक वर्षमा यस त्रुटीलाई सच्याउँदै नेपाल वित्तीय प्रतिवेदन मान १६, "Leases" बमोजिम उक्त लीजलाई वित्तीय विवरणमा समावेश गरिएको छ। आर्थिक वर्ष २०८१ -८२ को लागि, सम्पत्ति प्रयोग गर्ने अधिकार/पट्टा दायित्वको प्रारम्भिक पहिचान नेपाल लेखा मान ८ अनुसार पुर्वव्यापी (Retrospective रूपमा गरिएको छ र सो को परिणामस्वरूप नाफा-नोक्सानमा परेको प्रभाव २०८०-८१ को संचित नाफा/नोक्सानको सुरुको ब्यालेन्समा समायोजन गरिएको छ । साथै आर्थिक वर्ष २०८०-८१ को प्रभाव आर्थिक वर्ष २०८०-८१ को नाफा नोक्सान विवरणमा समायोजन गरिएको छ। समायोजनको विस्तृत विवरण नोट ६ मा दिईएको छ ।

**स्टक मौज्दात**

आर्थिक वर्ष २०७९-८० र २०८०-८१ को अन्तिम मौज्दातको मूल्याङ्कन गर्दा लागत (Cost) भन्दा खुद असुलीयोग्य मूल्य ( NRV) कम हुने अनुमानका आधारमा उक्त मौज्दातलाई NRV मा मूल्याङ्कन गरिएको थियो । यद्यपि वर्तमान समयमा उपलब्ध थप यथार्थपरक जानकारी र विश्लेषणका आधारमा उक्त समयमा पनि लागत नै NRV भन्दा कम रहेको पाइएको हुनाले NAS २ "Inventories" अनुसार लागतमा अन्तिम मौज्दातको पुनर्मूल्याङ्कन गरी आवश्यक समायोजन गरिएको छ । समायोजनको विस्तृत विवरण नोट ११ मा दिईएको छ ।

## सम्पत्ति, प्लाण्ट तथा उपकरण

सम्पत्ति, प्लाण्ट तथा उपकरणमा भएको समायोजनको विवरण निम्नानुसार छ :

| विवरण | प्रभाव | सम्पत्ति | रकम (रु) |
|---|---|---|---|
| आर्थिक वर्ष २०७७-७८ मा नया सम्पति थप हुदा सो सम्पतिलाई जोडी नयाँ ह्रास कट्टी दर निकाल्दा अनुमानित आयु मा त्रुटी भएको हुनाले सो को समायोजन | सचिंत नाफा /नोक्सान | कार्यालय भवन | ४७,४३८ |
| | नाफा नोक्सान विवरण | | १५,८१३ |
| आर्थिक वर्ष २०७९-८० अघि संचित ह्रास कट्टीमा भएको त्रुटी को समायोजन | सचिंत नाफा /नोक्सान | कार्यालय मेशिनरी | ४१ |
| आर्थिक वर्ष २०७९-८० मा ह्रास गणना छुटेको समायोजन | सचिंत नाफा /नोक्सान | कार्यालय भवन | १८,२५१ |
| आर्थिक वर्ष २०७७-७८ मा सम्पति सरेर आएको कारणले ह्रास को दर संसोधन गर्नु पर्ने मा सो नगरिएको हुदा समायोजन | सचिंत नाफा /नोक्सान | कार्यालय भवन | ७८,६३३ |
| | नाफा नोक्सान विवरण | | २६,२११ |
| आर्थिक वर्ष २०८०-८१ मा त्रुटी वस सम्पत्ति, प्लाण्ट तथा उपकरणमा गणना भएको | नाफा नोक्सान विवरण | कार्यालय मेशिनरी | ३,००० |
| आर्थिक वर्ष २०८०-८१ मा ह्रास गणना छुटेको | नाफा नोक्सान विवरण | सवारी साधन | १,०७१ |
| आर्थिक वर्ष २०८०-८१ मा अनुमानित आयुको आधारमा ह्रास दर परिमार्जन नगरिएको | नाफा नोक्सान विवरण | कार्यालय मेशिनरी | (१,१००) |
| आर्थिक वर्ष २०८० -८१ मा फर्निचरको ह्रास कार्यालय मेशिनरी शीर्षक मा र कार्यालय मेशिनरीको ह्रास फर्निचर शीर्षक मा भएको हुनाले सो त्रुटी को समायोजन . | सचिंत ह्रास | फर्निचर | (८,१५६) |
| | सचिंत ह्रास | कार्यालय मेशिनरी | ८,१५६ |

### अन्य समायोजन

| | |
|---|---|
| २०८०-८१ मा निर्माणाधीन सम्पत्ति (Asset under Construction) लाई कार्यालय भवनमा त्रुटी वस वर्गीकरण गरिएको | ९६६,९९१ |

## स्थगन कर

२०७९-८० र अधिका आर्थिक वर्षहरुमा स्थगन कर (Deferred Tax) को गणनामा त्रुटि भएको हुँदा नेपाल लेखा मान ८ अनुसार सो को समायोजन पुर्वव्यापी (Retrospective) रूपमा गरिएको छ र परिणामस्वरूप नाफा-नोक्सानमा परेको प्रभाव २०८०-८१ को संचित नाफा/नोक्सानको सुरुको ब्यालेन्समा समायोजन गरिएको छ । साथै आर्थिक वर्ष २०८०-८१ को प्रभाव आर्थिक वर्ष २०८०-८१ को नाफा नोक्सान विवरणमा समायोजन गरिएको छ । समायोजनको विस्तृत विवरण नोट ९ मा दिईएको छ ।

## ३ सम्पत्ति, प्लाण्ट तथा उपकरण (Property, Plant and Equipment)

सम्पत्ति, प्लाण्ट तथा उपकरण मूर्त वस्तुहरू हुन् जसलाई सेवा वा प्रशासनिक उद्देश्यका लागि राखिन्छन् र एक वर्ष भन्दा बढीको लागि प्रयोग हुने अपेक्षा गरिन्छ । सम्पत्ति, प्लान्ट तथा उपकरणहरूमा जग्गा जमीन, कार्यालय भवन, कार्यालय मेशिनरी, कारखाना मेशिनरी, ल्याव मेशिनरी, फार्म मेशिनरी, सवारी साधन, ढुवानी साधन, जोत्ने साधन, फर्निचर तथा निर्माणाधिन सम्पत्ति जस्ता वस्तुहरु समावेश छन् ।

### ३.१ लेखा नीति

#### ३.१.१. पहिचान को मापदण्ड

कम्पनीले आफ्नो नियन्त्रणमा भएका र भविष्यमा कम्पनीलाई आर्थिक लाभ प्रदान गर्ने प्रवल सम्भावना भएका तथा लागत मूल्यलाई विश्वस्तताका साथ मापन गर्न सकिने सम्पत्तिहरूको पहिचान गरी उक्त सम्पत्तिहरूलाई सम्पत्ति, प्लाण्ट तथा उपकरण अन्तर्गत लेखांकन गर्ने नीति लिएको छ ।

**मापन**

सम्पत्ति, प्लाण्ट तथा उपकरणको प्रारम्भिक मापन लागतमा गरिन्छ । लागतमा खरिद मूल्य तथा प्रत्यक्ष खर्चहरु र भविष्यमा सो सम्पत्ति नष्ट गर्न वा हटाउन अपरिहार्य अनुमानित खर्चको वर्तमान रकम पर्दछन् । सम्पत्तिमा पछि गरिएका खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा वृद्धि हुने भएमा उक्त खर्चलाई पुँजिकरण गरिन्छ ।

रु.५,००० भन्दा कम मूल्य भएको सम्पत्तिहरू खरिद गरेको वर्षमा तिनीहरूको उपयोगी जीवनको ख्याल नगरी खर्च देखाइन्छ ।

**प्रारम्भ पछिको मापन**

सम्पत्ति, प्लाण्ट तथा उपकरणको प्रारम्भ पछिको मापन लागतबाट संचित ह्रास तथा संचित क्षयीकरण घाटा घटाई आएको मूल्यमा गरिन्छ ।

#### ३.१.२. मर्मत र सम्भार

मर्मत र सम्भार शुल्कलाई खर्च गरिएको वित्तीय अवधिमा भएको नाफा वा नोक्सानको विवरणमा समावेश गरिन्छ । प्रचलित सम्पत्तिहरूको भावी आर्थिक लाभहरू कम्पनीमा प्रवाह हुने तथा मर्मतले सम्पत्तिको पहिचानयोग्य भागलाई प्रतिस्थापन गर्ने सम्भावना भएमा सम्पत्तिको आयु बढाउने प्रमुख मर्मतको लागतलाई सम्पत्तिको सर्ने रकममा समावेश गरिन्छ ।

#### ३.१.३. ह्रासकट्टि (Depreciation)

जग्गा जमीन बाहेकको सम्पत्ति, प्लाण्ट तथा उपकरणको ह्रासकट्टि सम्पत्तिको उपयोगी जीवन प्रयोग गरी लागतमा सरल रेखा विधि प्रयोग गरी गणना गरिन्छ । जग्गा जमीनको ह्रासकट्टी गरिँदैन । नयाँ खरिद सम्पत्तिको हकमा ह्रासकट्टि गर्दा सम्पत्ति प्रयोग योग्य मिति देखि ह्रासकट्टी सुरू हुने नीति लिईएको छ । सम्पत्तिको निसर्ग गर्दा ह्रासकट्टी गणना निसर्ग गरिएको मितिसम्म ह्रासकट्टी गणना हुने नीति लिईएको छ । यसलाई NAS ८ अनुसार भविष्यमुखी (Prospective) रूपमा प्रस्तुत गरिएको छ । सम्पत्तिको उपयोगी जीवन निम्नानुसार अनुमान गरिएको छ ।

| शीर्षक | अनुमानित आयु (वर्षमा) |
|---|---|
| भवन | ५० |
| अनुदानमा प्राप्त सम्पत्ति: भवन | ५० |
| मेशिनरिज | ५ |
| अन्य कारखाना सामान | ५ |
| सवारी साधन | ७ |
| फर्निचर फिक्स्चर तथा फर्निसिङ्ग | ७ |

ह्रासकट्टिको विधि र अनुमानित उपयोगी आयु प्रत्येक रिपोर्टिंग मितिमा समीक्षा गरी आवश्यक परेमा समायोजन गरिन्छ।

### ३.१.४. क्षयीकरण घाटा (Impairment Loss)

क्षयीकरण सङ्केत प्राप्त भएको अवस्थामा क्षयीकरण पुनरावलोकन गरिन्छ। कुनै सम्पत्तिको असुल योग्य रकम यसको जिम्मेवारी सारिएको रकमभन्दा कम भएमा मात्र त्यस्तो सम्पत्तिको जिम्मेवारी सारिएको रकमलाई असुल रकममा झारिन्छ। जब असुल रकम सारिएको रकमभन्दा कम हुन्छ नाफा वा नोक्सानको विवरणमा क्षयीकरण घाटा पहिचान गरिन्छ। कम्पनीले प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा कुनै सम्पत्ति क्षयीकरण हुने कुनै संकेत छ वा छैन भनी मूल्याङ्कन गर्दछ। त्यस्तो कुनै संकेत भएमा कम्पनीले त्यस्तो सम्पत्तिको असुल योग्य रकमको अनुमान तयार गर्दछ।

चालु आ.व. मा क्षयीकरण परीक्षणको लागि कुनै संकेत नभएको हुँदा कुनै क्षयीकरण घाटा पहिचान गरिएको छैन।

### ३.१.५ निर्माणाधिन सम्पत्ति

निर्माणाधिन सम्पत्तिहरूलाई लागतमा क्षयीकरण घाटा घटाई लेखांकन गरिन्छ। जब यी सम्पत्तिहरू तिनीहरूको अपेक्षित प्रयोगको लागि तयार हुन्छन् तब यी सम्पत्तिहरूको ह्रासकट्टि/परिशोधन सुरु हुन्छ। कार्य सुरु गर्न योग्य भएको मितिसम्म नयाँ प्रणाली तथा उपकरणहरू प्राप्ति गर्दा तथा स्थापना भएको खर्च वा निर्माणाधीन सिभिल कार्य सम्पन्न भएको मितिसम्म भएको खर्चलाई पुँजीगत कार्यको रूपमा पहिचान गरिन्छ। भईरहेको पुँजीगत कार्यको मूल्यले त्यस्तो स्थापना वा निर्माणमा प्रयोग गर्ने उद्देश्यले भण्डारमा वा ट्रान्जिटमा राखिएको उपकरणहरूको मौज्दातलाई समेत जनाउँछ। उपकरण प्रयोग गर्न तयार भएपछि हस्तान्तरण गर्दा पुँजीकृत गरिन्छ।

### ३.१.५. पहिचान रद्द (De-Recognition)

सम्पत्ति, प्लान्ट तथा उपकरणको नि:सर्ग भएमा वा भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा नगरिएको अवस्थामा पहिचान रद्द गरिन्छ। सम्पत्ति, प्लान्ट तथा उपकरणको पहिचान रद्द गर्दा उत्पन्न हुने लाभ वा नोक्सानलाई नाफा वा नोक्सानको विवरणमा समावेश गरिन्छ।

### ३.१.६. त्रुटी समायोजन

कम्पनीले यस आ.व.मा विगतको वित्तीय विवरणमा संचित ह्रासकट्टीमा भएको त्रुटी सुधारका लागि तुलनात्मक अवधिको वित्तीय स्थितिको सुरुको विवरणमा आवश्यक समायोजन गरेको छ।

ति, प्लाण्ट तथा उपकरण (आ.व. २०८१।८२)

| | जग्गा जमीन | कार्यालय भवन | कार्यालय मेशिनरी | कारखाना मेशिनरी | ल्याब मेशिनरी | फार्म मेशिनरी | सवारी साधन | ढुवानी साधन | जोत्ने साधन | फर्निचर | निर्माणाधिन सम्पत्ति | अनुदानमा प्राप्त सम्पत्ति | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८१ को मौज्दात | ११,३५६,९१४,०५४ | ७८०,५०१,१९० | ४२,१३२,०२४ | ८,९१०,२३८ | २०१,६४१ | १,१३०,९८१ | ४४,६३२,९४७ | २५२,४७९ | ३,२९८,३०७ | १७,५७५,८१४ | १९,३७३,४४३ | १७,८९३,६९७ | १२,२९२,८१६,८१६ |
| | ५८९,१७४,५६४ | - | - | - | - | - | - | - | - | - | - | - | ५८९,१७४,५६४ |
| लाभ | १०,७६७,७३९,४९० | - | - | - | - | - | - | - | - | - | - | - | १०,७६७,७३९,४९० |
| | - | २,५८५,८९१ | ३,२५८,१२० | ७०,९६० | ५१,९८० | २८९,००० | १,४७६,९९९ | - | - | १,२८१,१५३ | २,४२१,६४९ | - | ११,४३५,७५१ |
| | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बिक्री | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| र्नमूल्याङ्कन | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| २०८२ को मौज्दात | ११,३५६,९१४,०५४ | ७८३,०८७,०८१ | ४५,३९०,१४४ | ८,९८१,१९८ | २५३,६२१ | १,४१९,९८१ | ४६,१०९,९४६ | २५२,४७९ | ३,२९८,३०७ | १८,८५६,९६७ | २१,७९५,०९२ | १७,८९३,६९७ | १२,३०४,२५२,५६७ |
| | | | | | | | | | | | | | |
| कट्टी/क्षयीकरण घाटा | | | | | | | | | | | | | |
| २०८१ को मौज्दात | - | २३७,०३४,२१० | ३५,७४६,३८५ | ८,६११,९०४ | २०१,६४१ | ७५४,९०८ | ४३,६६२,५८७ | २५२,४७९ | २,३२९,७३६ | १२,६६७,४७२ | - | १,७८९,३७० | ३४३,०५०,६९१ |
| ह्रास | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ह्रास | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बिक्री ह्रास | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ह्रास | - | १६,०४२,५१० | २,३४६,८४२ | १३२,१४५ | १,३४८ | १३८,६०७ | ३९३,७२६ | - | १९३,७१४ | १,२४०,८०८ | - | ३६६,००७ | २०,८५५,७०८ |
| | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| २०८२ को मौज्दात | - | २५३,०७६,७१९ | ३८,०९३,२२७ | ८,७४४,०४९ | २०२,९८९ | ८९३,५१५ | ४४,०५६,३१३ | २५२,४७९ | २,५२३,४५० | १३,९०८,२८० | - | २,१५५,३७७ | ३६३,९०६,३९९ |
| | | | | | | | | | | | | | |
| ८१ को अन्तिम मौज्दात | ११,३५६,९१४,०५४ | ५४३,४६६,९८० | ६,३८५,६३९ | २९८,३३४ | - | ३७६,०७३ | ९७०,३६० | - | ९६८,५७१ | ४,९०८,३४२ | १९,३७३,४४३ | १६,१०४,३२७ | ११,९४९,७६६,१२५ |
| ८२ को अन्तिम मौज्दात | ११,३५६,९१४,०५४ | ५३०,०१०,३६१ | ७,२९६,९१८ | २३७,१५० | ५०,६३२ | ५२६,४६६ | २,०५३,६३३ | - | ७७४,८५७ | ४,९४८,६८७ | २१,७९५,०९२ | १५,७३८,३२० | ११,९४०,३४६,१६८ |

ति, प्लाण्ट तथा उपकरण (आ.व. २०८०।८१)

| | जग्गा जमीन | कार्यालय भवन | कार्यालय मेशिनरी | कारखाना मेशिनरी | ल्याब मेशिनरी | फार्म मेशिनरी | सवारी साधन | ढुवानी साधन | जोत्ने साधन | फर्निचर | निर्माणाधिन सम्पत्ति | अनुदानमा प्राप्त सम्पत्ति | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८० को मौज्दात | ११,३५६,९१४,०५४ | ७५३,८९१,९१४ | ३९,८४६,१२१ | ८,७७५,७१२ | २०१,६४१ | १,०६०,६२१ | ४४,२४६,०२८ | २५२,४७९ | ३,२९८,३०७ | १६,११७,३३८ | २७,९६२,८६० | १७,८९३,६९७ | १२,२७०,४६०,७७२ |
| | | | ६९,०७१ | | | | ७५,७१९ | | | ४०,००५ | | | १८४,७९५ |
| २०८० को परिम-र्जित | ११,३५६,९१४,०५४ | ७५३,८९१,९१४ | ३९,९१५,१९१ | ८,७७५,७१२ | २०१,६४१ | १,०६०,६२१ | ४४,३२१,७४७ | २५२,४७९ | ३,२९८,३०७ | १६,१५७,३४४ | २७,९६२,८६० | १७,८९३,६९७ | १२,२७०,६४५,५६७ |
| | ५८९,१७४,५६४ | - | - | - | - | - | - | - | - | - | - | - | ५८९,१७४,५६४ |
| लाभ | १०,७६७,७३९,४९० | - | - | - | - | - | - | - | - | - | - | - | १०,७६७,७३९,४९० |
| ा | - | १८,०१९,८६० | २,७६४,५७७ | १३४,५२६ | - | ७०,३६० | ३३६,७०० | - | - | १,७७५,२१५ | - | - | २३,१०१,२३९ |
| | - | ९,५५६,४०८ | - | १२२,०४० | - | - | ५००,८२० | - | - | - | - | - | १०,१७९,२६८ |
| | - | - | - | १२२,०४० | - | - | ५००,८२० | - | - | - | ९,५५६,४०८ | - | १०,१७९,२६८ |
| बिक्री | - | - | ५४७,७४५ | - | - | - | २५,५०० | - | - | ३५६,७४५ | - | - | ९२९,९८९ |
| | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| र्नमूल्याङ्कन | - | (९६६,९९१) | - | - | - | - | - | - | - | - | ९६६,९९१ | - | - |
| २०८१ को मौज्दात | ११,३५६,९१४,०५४ | ७८०,५०१,१९० | ४२,१३२,०२४ | ८,९१०,२३८ | २०१,६४१ | १,१३०,९८१ | ४४,६३२,९४७ | २५२,४७९ | ३,२९८,३०७ | १७,५७५,८१४ | १९,३७३,४४३ | १७,८९३,६९७ | १२,२९२,८१६,८१६ |
| | | | | | | | | | | | | | |
| कट्टी/क्षयीकरण घाटा | | | | | | | | | | | | | |
| २०८० को मौज्दात | - | २२०,९९९,७९९ | ३४,१७५,८०४ | ८,५००,८७० | २०१,६४१ | ६५२,६०९ | ४३,३९५,७७८ | २५२,४७९ | २,१३६,०२२ | ११,९७९,२५४ | - | १,४३१,४९६ | ३२३,७२५,७५१ |
| | | १४४,३२२ | ६९,११२ | | | | ७५,७१९ | | | ४०,००५ | | | ३२९,१५९ |
| २०८० को परिम-र्जित | - | २२१,१४४,१२१ | ३४,२४४,९१६ | ८,५००,८७० | २०१,६४१ | ६५२,६०९ | ४३,४७१,४९७ | २५२,४७९ | २,१३६,०२२ | १२,०१९,२६० | - | १,४३१,४९६ | ३२४,०५४,९१० |
| ह्रास | - | - | - | - | - | - | ३४०,१०६ | - | - | - | - | - | ३४०,१०६ |
| ह्रास | - | - | - | - | - | - | ३४०,१०६ | - | - | - | - | - | ३४०,१०६ |
| बिक्री ह्रास | - | - | ५३९,५८८ | - | - | - | २५,५०० | - | - | ३६४,९०१ | - | - | ९२९,९८९ |
| | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ह्रास | - | १५,८९०,०८८ | २,०४१,०५७ | १११,०३४ | - | १०२,२९९ | २१६,५८९ | - | १९३,७१४ | १,०१३,११४ | | ३५७,८७४ | १९,९२५,७७१ |
| | - | | - | - | - | - | - | - | - | - | | - | - |
| २०८१ को मौज्दात | - | २३७,०३४,२१० | ३५,७४६,३८५ | ८,६११,९०४ | २०१,६४१ | ७५४,९०८ | ४३,६६२,५८७ | २५२,४७९ | २,३२९,७३६ | १२,६६७,४७२ | - | १,७८९,३७० | ३४३,०५०,६९१ |
| | | | | | | | | | | | | | |
| ० को अन्तिम मौज्दात | ११,३५६,९१४,०५४ | ५३२,७४७,७९२ | ५,६७०,२७६ | २७४,८४३ | - | ४०८,०१२ | ८५०,२४९ | - | १,१६२,२८६ | ४,१३८,०८४ | २७,९६२,८६० | १६,४६२,२०१ | ११,९४६,५९०,६५७ |
| १ को अन्तिम मौज्दात | ११,३५६,९१४,०५४ | ५४३,४६६,९८० | ६,३८५,६३९ | २९८,३३४ | - | ३७६,०७३ | ९७०,३६० | - | ९६८,५७१ | ४,९०८,३४२ | १९,३७३,४४३ | १६,१०४,३२७ | ११,९४९,७६६,१२५ |

४ अमूर्त सम्पत्ति (Intangible Assets)

४.१ लेखा नीति

४.१.१ पहिचान को मापदण्ड

सम्पत्तिमा हुने भविष्यको आर्थिक लाभहरू कम्पनीमा प्रवाह हुने तथा सम्पत्तिको लागत विश्वसनीय रूपमा मापन गर्न सकिने सम्भावना भएमा अमूर्त सम्पतिको पहिचान गरिन्छ । सम्बद्ध हार्डवेयरसँग अभिन्न रूपमा सम्बन्धित नभएका, स्पष्ट रूपमा पहिचान गर्न सकिने, भरपर्दो तरिकाले मापन गर्न सकिने तथा भविष्यमा आर्थिक लाभहरू पुऱ्याउने सम्भावना भएका कम्पनीद्वारा खर्च गरिएका सबै कम्प्युटर सफ्टवेयरका लागतहरूलाई 'अमूर्त सम्पत्ति' वर्ग अन्तर्गत वित्तीय स्थितिको विवरणमा समावेश गरिन्छ ।

४.१.२ मापन

अमुर्त सम्पत्ति प्रारम्भमा लागतमा लेखांकन गरिन्छ र प्रारम्भ पछिको मापन लागतमा संचित परिशोधन (Amortization) तथा संचित क्षयीकरण (Impairment Loss) घटाई आएको मूल्यमा गरिन्छ । परिशोधन खर्च अमूर्त सम्पत्तिको अनुमानित टिकाउ अवधिलाई आधार मानी सीधा रेखा विधि (Straight Line Method) को आधारमा नाफा नोक्सान हिसाबमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

४.१.३ अमूर्त सम्पत्तिको परिशोधन र उपयोगी जीवन

सीमित उपयोगी जीवन भएका अमूर्त सम्पत्तिको परिशोधन अवधि तथा परिशोधन विधिको समिक्षा कम्तिमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गरिन्छ । सम्पत्तिको अपेक्षित उपयोगी जीवन अघिल्ला अनुमानहरू भन्दा फरक भएको खण्डमा परिशोधन अवधि सोही बमोजिम परिवर्तन गरिन्छ । सम्पत्तिमा निहित भावी आर्थिक लाभहरूको उपभोगको अपेक्षित ढाँचामा परिवर्तन भएको खण्डमा परिवर्तन भएको ढाँचा प्रतिबिम्बित गर्न परिशोधन विधिमा परिवर्तन गरिन्छ ।

| शीर्षक | अनुमानित आयु (वर्षमा) |
|---|---|
| अमूर्त सम्पति | ५ |

४.१.४ क्षयीकरण घाटा (Impairment Loss)

चालु आ.व. मा क्षयीकरण परीक्षणको लागि कुनै संकेत नभएको हुँदा कुनै क्षयीकरण घाटा पहिचान गरिएको छैन ।

४.१.५ निर्माणाधिन सम्पत्ति

निर्माणाधिन सम्पत्तिहरूलाई लागतमा क्षयीकरण घाटा घटाई लेखांकन गरिन्छ । जब यी सम्पत्तिहरू तिनीहरूको अपेक्षित प्रयोगको लागि तयार हुन्छन् तब यी सम्पत्तिहरूको ह्रासकट्टि/परिशोधन सुरु हुन्छ । सफ्टवेयरहरू प्रयोग गर्न तयार भएपछि हस्तान्तरण गर्दा पुँजीकृत गरिन्छ ।

४.१.६ पहिचान रद्द (De-recognition)

अमूर्त सम्पत्तिको निःसर्ग (डिस्पोजल) भएमा वा यसको प्रयोगबाट भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा नगरिएको अवस्थामा त्यस्ता सम्पत्तिको पहिचान रद्द गरिन्छ । अदृश्य सम्पत्तिको पहिचान रद्द हुँदा उत्पन्न हुने लाभ वा नोक्सानलाई नाफा वा नोक्सानको विवरणमा समावेश गरिन्छ ।

## ४.२ अमूर्त सम्पत्ति

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) | १ श्रावण २०८० (परिमार्जित) |
|---|---|---|---|
| लागत मोल | | | |
| शुरु मौज्दात | | | |
| अमूर्त सम्पत्ति | १,३१३,८९६ | १,३१३,८९६ | १,३१३,८९६ |
| निर्माणाधिन सम्पत्ति | ३,९५०,००० | ३,९५०,००० | ३,९५०,००० |
| पूँजीकृत | - | - | - |
| सारेर आएको | - | - | - |
| यस वर्षको थप | - | - | - |
| यस वर्षको बिक्री | - | - | - |
| सारेर गएको | - | - | - |
| समायोजन/पुर्नमूल्याङ्कन | | - | - |
| अन्तिम मौज्दात | ५,२६३,८९६ | ५,२६३,८९६ | ५,२६३,८९६ |
| संचित परिशोधन र क्षयीकरण घाटा | | | |
| आषाढ ३१, २०८१ को मौज्दात | १,३१३,८९६ | १,०९७,१६२ | ९७६,९३० |
| समायोजन | - | - | - |
| श्रावण ०१, २०८१ को परिम-र्जित मौज्दात | १,३१३,८९६ | १,०९७,१६२ | ९७६,९३० |
| यस वर्षको परिशोधन | - | १२०,२३२ | १२०,२३२ |
| यस वर्षको क्षयीकरण घाटा | - | ९६,५०२ | - |
| सारेर आएको | - | - | - |
| बिक्री | - | - | - |
| सारेर गएको | - | - | - |
| समायोजन | - | - | - |
| अन्तिम मौज्दात | १,३१३,८९६ | १,३१३,८९६ | १,०९७,१६२ |
| शुरु मौज्दात | ३,९५०,००० | ४,१६६,७३४ | ४,२८६,९६६ |
| अन्तिम मौज्दात | ३,९५०,००० | ३,९५०,००० | ४,१६६,७३४ |

५ लगानी उद्देश्य भएका स्थिर सम्पत्ति (Investment Property)

५.१ लेखा नीति

५.१.१ पहिचान को मापदण्ड

NAS १६ (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS ५ (विक्रिका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । जमिन तथा भवनलाई भाडा अथवा पुँजी वृद्धिको उद्देश्यले प्रयोग गरेको खण्डमा लगानी उद्देश्यका स्थिर सम्पत्ति मानिन्छ ।

५.१.२ मापन

लगानी उद्देश्यका स्थिर सम्पत्ति प्रारम्भमा लागतमा लेखांकन गरिन्छ र प्रारम्भ पछिको मापन लागतमा संचित ह्रास तथा संचित क्षयीकरण घाटा घटाई आएको मूल्यमा गरिन्छ । भवनको लागतमा ह्रासकट्टि उपयोगी जीवनमा सरल रेखा विधि प्रयोग गरी गणना गरिन्छ । जग्गा जमीनको ह्रासकट्टी गरिँदैन । भवनको उपयोगी जीवन ५० वर्ष अनुमान गरिएको छ ।

५.१.४ भाडा आम्दानी सम्बन्धमा (Rental Income)

नेपाल वित्तिय प्रतिवेदनमान-१६ (Leases) को अनुच्छेद ६१ बमोजिम पट्टादाताले आफ्ना प्रत्येक पट्टाहरूलाई या त सञ्चालन पट्टा वा वित्तिय पट्टाको रूपमा वर्गीकरण गर्नुपर्छ । कुनै पट्टाले अन्तर्निहित सम्पत्तिको स्वामित्वसँग सम्बन्धित लगभग सबै जोखिम र प्रतिफलहरू हस्तान्तरण गरेमा त्यसलाई वित्तिय पट्टाको रूपमा वर्गीकरण गरिन्छ भने सो नभएको खण्डमा त्यसलाई सञ्चालन पट्टाको रूपमा वर्गीकरण गरिन्छ । कम्पनीको पट्टाहरूले वित्तिय पट्टाको शर्त पूरा नगर्ने भएकाले उक्त पट्टाहरूलाई संचालन पट्टाको रूपमा वर्गीकरण गरिएको छ र भाडा आम्दानीलाई सिधा रेखा विधि अनुरुप लेखांकन गरिन्छ ।

५.२ लगानी उद्देश्य भएका स्थिर सम्पत्ति

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) | १ श्रावण २०८० (परिमार्जित) |
|---|---|---|---|
| जग्गा जमिन | | | |
| सुरुको परल मोल | ५५३,८३६,०८० | ५५३,८३६,०८० | ५५३,८३६,०८० |
| यस वर्ष थप | - | - | - |
| यस वर्षको बिक्री | - | - | - |
| अन्तिम परल मोल | ५५३,८३६,०८० | ५५३,८३६,०८० | ५५३,८३६,०८० |
| भवन | | | |
| सुरुको परल मोल | ४१,३२५,८१० | ४१,३२५,८१० | ४१,३२५,८१० |
| यस वर्ष थप | - | - | - |
| यस वर्षको बिक्री | - | - | - |
| पुर्नमूल्याङ्कन | - | - | - |
| अन्तिम परल मोल | ४१,३२५,८१० | ४१,३२५,८१० | ४१,३२५,८१० |
| संचित ह्रास कट्टी र क्षयीकरण घाटा | | | |
| सुरुको मौज्दात | २३,६६६,२२५ | २२,७०१,५२१ | २१,७३६,८१८ |
| समायोजन | - | - | - |
| सुरुको परिम-र्जित मौज्दात | २३,६६६,२२५ | २२,७०१,५२१ | २१,७३६,८१८ |
| यस वर्षको ह्रास | ९६४,७०४ | ९६४,७०४ | ९६४,७०४ |
| अन्तिम मौज्दात | २४,६३०,९२९ | २३,६६६,२२५ | २२,७०१,५२१ |
| भवनको खुद मूल्य | १६,६९४,८८१ | १७,६५९,५८५ | १८,६२४,२८९ |
| कुल जम्मा मूल्य | ५७०,५३०,९६२ | ५७१,४९५,६६६ | ५७२,४६०,३६९ |

## ६ सम्पत्ति प्रयोग गर्ने अधिकार / पट्टा दायित्व

### ६.१ लेखा नीति

#### ६.१.१ पहिचान को मापदण्ड

कुनै सम्झौताले निश्चित अवधिको लागि प्रतिफलको बदलामा पहिचान गरिएको सम्पत्तिको प्रयोगलाई नियन्त्रण गर्ने अधिकार प्रदान गर्दछ भने, त्यो सम्झौतालाई पट्टा (लिज) सम्झौता मानिन्छ, वा त्यसमा पट्टा (लिज) सम्झौता समावेश हुन्छ । कम्पनीले सम्झौता प्रारम्भको मितिमा सम्पत्ति उपयोगको अधिकार तथा पट्टा (लिज) दायित्वको पहिचान गर्दछ ।

#### ६.१.२ सम्पत्ति उपयोगको अधिकारको मापन

सम्पत्ति प्रयोगको अधिकार प्रारम्भिक रूपमा सम्बन्धित पट्टा (लिज) दायित्वहरूको वर्तमान मूल्यमा मापन गरिन्छ । उक्त रकममा कुनै पनि अग्रिम पट्टा (लिज) भूक्तानी साथै प्रारम्भिक प्रत्यक्ष लागतहरू र विघटन सम्बन्धि व्यवस्था गरिएको अनुमानबाट कुनै पट्टा (लिज) प्रोत्साहन बापत रकम घटाई समायोजन गरिन्छ ।

**प्रारम्भ पछिको मापन**

सम्पत्ति प्रयोगको अधिकार तिनीहरूको लागतबाट संचित ह्रास तथा संचित क्षयीकरण घाटा (Impairment Loss) घटाई आएको मूल्यमा मापन गरिन्छ । सम्पत्ति प्रयोगको अधिकारलाई लिजको अवधिमा सीधा रेखा विधि (SLM) अन्तर्गत ह्रास कट्टी गरिन्छ । पट्टा (लिज) दायित्वमा भएको कुनै पुनः मापनको रकम समेत सम्पत्ति प्रयोगको अधिकारमा समायोजन गरिन्छ ।

#### ६.१.३ पट्टा (लिज) दायित्वको मापन

पट्टा (लिज) दायित्व प्रारम्भ मितिमा भुक्तानी नगरिएको पट्टा भुक्तानीलाई प्रचलित ऋणको ब्याज दर (Incremental Borrowing rate) प्रयोग गरी वर्तमान मूल्यमा मापन गरिन्छ ।

**पट्टा (लिज) दायित्वको प्रारम्भ पछिको मापन**

पट्टा (लिज) दायित्वको प्रारम्भ पछिको मापन गर्दा निम्नानुसारको समायोजन गरिन्छ :

क) पट्टा (लिज) दायित्वमा ब्याज प्रतिबिम्बित गर्न क्यारिईङ्ग अमाउन्ट बढाएर ;
ख) पट्टा (लिज) भुक्तानीहरू प्रतिबिम्बित गर्न क्यारिईङ्ग अमाउन्ट घटाएर ;
ग) कुनै पनि पुनः मूल्याङ्कन वा पट्टा (लिज) परिमार्जनहरू प्रतिबिम्बित गर्न जिम्मेवारी सारिएको रकम पुनः मापन गरेर ।

#### ६.१.४ त्रुटी समायोजन

कम्पनीले यस आ.व.मा विगतको वित्तीय विवरणमा सम्पत्ति प्रयोग गर्ने अधिकार र पट्टा दायित्वको लेखांकन नभएको त्रुटी सुधारका लागि तुलनात्मक अवधिको वित्तीय स्थितिको सुरुको विवरणमा आवश्यक समायोजन गरेको छ ।

आर्थिक वर्ष २०७८-७९ मा कम्पनीले हेटौंडामा जग्गा भाडा (Lease) मा लिने सम्झौता गरे तापनि उक्त कारोबार अघिल्ला वर्षहरूका वित्तीय विवरणहरूमा समावेश हुन छुटेको हुनाले वर्तमान आर्थिक वर्षमा यस त्रुटीलाई सच्याउँदै नेपाल वित्तीय प्रतिवेदन मान १६, "Leases" बमोजिम उक्त लीजलाई वित्तीय विवरणमा समावेश गरिएको छ । आर्थिक वर्ष २०८१ -८२ को लागि, सम्पत्ति प्रयोग गर्ने अधिकार/पट्टा दायित्वको प्रारम्भिक पहिचान नेपाल लेखा मान ८ अनुसार पुर्वव्यापी (Retrospective) रूपमा गरिएको छ र सो को परिणामस्वरुप नाफा-नोक्सानमा परेको प्रभाव २०८०-८१ को संचित नाफा/नोक्सानको सुरुको ब्यालेन्समा समायोजन गरिएको छ । साथै आर्थिक वर्ष २०८०-८१ को प्रभाव आर्थिक वर्ष २०८०-८१ को नाफा नोक्सान विवरणमा समायोजन गरिएको छ । समायोजनको विस्तृत विवरण तल दिईएको छ ।

| विवरण | प्रभाव | रकम (रु) |
|---|---|---|
| २०८० आषाढ मसान्त सम्मको ब्याज खर्च | संचित नाफा/नोक्सान | ३,०५३,५९७ |
| २०८० आषाढ मसान्त सम्मको ह्रास कट्टी रकम | संचित नाफा/नोक्सान | २,३७०,३३१ |
| २०८०-८१ को ब्याज खर्च | नाफा नोक्सान विवरण | २,४७१,०५० |
| २०८०-८१ को ह्रास कट्टी रकम | नाफा नोक्सान विवरण | १,९९३,४८१ |

## ६.१.२ पट्टा परिमार्जन (Lease Modification)

ढल्केबरमा रहेको घरको पुरानो बहाल सम्झौता यस आर्थिक वर्षको अन्त्यमा समाप्त हुन लागेकोले २०८२ आषाढमा नयाँ पट्टा सम्झौता गरिएको हुँदा सो सम्झौतालाई नेपाल वित्तीय प्रतिवेदन मान १६, "Leases" बमोजिम पट्टा परिमार्जन (Lease Modification) गरी वित्तीय विवरणमा आवश्यक समायोजन गरिएको छ। साथै, अन्य केही नयाँ पट्टा सम्झौताहरू मिति २०८२-३-३२ पछि (अर्थात् आर्थिक वर्ष समाप्त भएपछि) सम्पन्न भएकाले, त्यस्ता पट्टा सम्झौताको हकमा परिमार्जनको प्रभावकारी मिति आर्थिक वर्ष पछि भएको हुनाले ती सम्झौताहरूलाई यस आर्थिक वर्षको वित्तीय विवरणमा पट्टा परिमार्जन (Lease Modification) गरिएको छैन।

## ६.२ सम्पत्ति प्रयोग गर्ने अधिकार र पट्टा दायित्वको विवरण

कम्पनीले १२ महिना वा सो भन्दा कमको पट्टा अवधि भएको छोटो अवधिको पट्टा (लिज) हरू र कम मूल्यका अन्तर्निहित सम्पत्तिहरूको हकमा पट्टा (लिज) दायित्वहरू र सम्पत्ति प्रयोग गर्ने अधिकारको लेखांकन गर्ने गरेको छैन। यस्ता पट्टा (लिज) हरूको भुक्तानीलाई पट्टा (लिज) अवधिमा सीधा रेखा विधिको आधारमा वा व्यावस्थापनद्वारा उपयुक्त ठानेको अनुमानहरूको आधारमा खर्च लेखांकन गर्ने नीति रहेको छ। १२ महिनाभन्दा बढी पट्टा (लिज) अवधि भएको पट्टालाई निम्नानुसार पुनः वर्गीकृत र पुनः मापन गरिएको छ।

कम्पनीले कार्यालय र सामान भण्डारणका लागि घर तथा गोदामहरू भाडामा लिएको छ। यस वर्षमा कम्पनीले १ वटा घर र ३ वटा गोदामहरूको लागि नयाँ लिज सम्झौता गरेको छ।

| विवरणहरु | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) | १ श्रावण २०८० (परिमार्जित) |
|---|---|---|---|
| **लागत: सम्पत्ति प्रयोग गर्ने अधिकार** | | | |
| वर्षको सुरूमा | ५९,६९०,१११ | ५८,११९,०३८ | ११,९२२,५७१ |
| समायोजन | | | ३९,८९१,४६४ |
| थपहरु | १०,०९२,४५२ | १,५७१,०७३ | ६,३०५,००३ |
| वर्षको अन्त्यमा | ६९,७८२,५६३ | ५९,६९०,१११ | ५८,११९,०३८ |
| **संचित मूल्यह्रास** | | | |
| वर्षको सुरूमा | २०,९६८,३२६ | १३,३२०,१०१ | ५,२८८,७९२ |
| थपहरु | ७,७९९,८५४ | ७,६४८,२२६ | ८,०३१,३०९ |
| वर्षको अन्त्यमा | २८,७६८,१८१ | २०,९६८,३२६ | १३,३२०,१०१ |
| वर्षको अन्त्यमा खुद मूल्य | ४१,०१४,३८२ | ३८,७२१,७८५ | ४४,७९८,९३७ |
| **वर्तमान मूल्य: पट्टा दायित्व** | | | |
| वर्षको सुरूमा | ४८,७६४,८८७ | ५०,४७२,२९७ | ६,६३६,४३२ |
| समायोजन | | | ३९,८९१,४६४ |
| थपहरु | १०,०९२,४५२ | १,५७१,०७३ | ६,३०५,००३ |
| ब्याज खर्च | २,९८५,८७३ | २,९०५,३९६ | ३,५६६,१५३ |
| भुक्तानी | १७,४५१,९६२ | ६,१८३,८८० | ५,९२६,७५५ |
| वर्षको अन्त्यमा | ४४,३९१,२४९ | ४८,७६४,८८७ | ५०,४७२,२९७ |
| चालू पट्टा दायित्व | ४४,३९१,२४९ | ४८,७६४,८८७ | ५०,४७२,२९७ |
| गैर चालू पट्टा दायित्व | - | - | - |
| कूल पट्टा दायित्व | ४४,३९१,२४९ | ४८,७६४,८८७ | ५०,४७२,२९७ |
| यस वर्षको नाफा वा नोक्सानमा मान्यता गरिएको जम्मा लिज खर्च | १०,७८५,७२७ | १०,५५३,६२२ | ११,५९७,४६२ |

७ वित्तीय उपकरणहरु

७.१. लेखा नीति

जब कम्पनी सम्झौताका शर्तहरूको एउटा पक्ष बन्दछ, तब कम्पनीले वित्तीय सम्पत्ति वा वित्तीय दायित्वलाई वित्तीय स्थितिको विवरणमा पहिचान गर्दछ, ।

७.१.१ वित्तीय सम्पत्ति

**वर्गीकरण (Classification)**

वित्तीय सम्पत्तिको अनुबंधात्मक नगद प्रवाह विशेषता तथा संस्थाको वित्तीय सम्पत्तिको व्यवस्थापनको व्यापार मोडेलको आधारमा वित्तीय सम्पत्तिलाई परिशोधित लागत वा उचित मूल्यमा वर्गीकरण गरिन्छ। वित्तीय सम्पत्तिहरूलाई नेपाल वित्तीय प्रतिवेदन मान ९ (NFRS 9) ले तोकेबमोजिम तीन वर्गमा वर्गीकरण गरिन्छ।

**१) परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति (Financial Assets Measured at Amortized Cost)**

निम्न सर्तहरू पुरा भएमा वित्तीय सम्पत्ति परिशोधित लागतमा मापन गरिन्छ।

- वित्तीय सम्पत्ति करारीय नगद प्रवाह सङ्कलन गर्ने उद्देश्य भएको व्यवसायिक मोडेल भित्र राखिएमा; र
- केवल साँवा तथा बक्यौता मुल रकममा ब्याजको भुक्तानी गर्ने गरी वित्तीय सम्पत्तिको करारीय शर्तहरूले तोकिएको मितिहरूमा नगद प्रवाहमा वृद्धि गरेमा।

**२) अन्य विस्तृत आय मार्फत उचित मूल्यमा वित्तीय सम्पत्ति (Financial Assets Measured at Fair Value Through Other Comprehensive Income)**

देहायका दुवै सर्तहरू पूरा भएमा वित्तीय सम्पत्ति अन्य विस्तृत आय मार्फत उचित मूल्यमा मापन गरिन्छ।

- वित्तीय सम्पत्ति करारीय नगद प्रवाह सङ्कलन तथा वित्तीय सम्पत्ति बेच्ने उद्देश्य भएको व्यवसायिक मोडेल भित्र राखिएमा;
- केवल साँवा तथा बक्यौता मुल रकममा ब्याजको भुक्तानी गर्ने गरी वित्तीय सम्पत्तिको करारीय शर्तहरूले तोकिएको मितिहरूमा नगद प्रवाहमा वृद्धि गरेमा।

**३) नाफा वा नोक्सान मार्फत उचित मूल्यमा वित्तीय सम्पत्ति (Financial Assets Measured at Fair Value Through Profit or Loss)**

माथि उल्लिखित दुई व्यवसायिक मोडेलहरूमध्ये कुनै एकमा नराखिएको वित्तीय सम्पत्तिलाई नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिन्छ।

कम्पनीले विशाल बजार कम्पनी लि. को शेयरमा गरेको लगानीलाई अपरिवर्तनीय रुपमा अन्य विस्तृत आय मार्फत उचित मूल्यमा मापन गरेको छ। (Irrevocaby designated at FVTOCI)

७.१.२ वित्तीय दायित्व

वित्तीय दायित्वहरूलाई नेपाल वित्तीय प्रतिवेदन मान ९ (NFRS 9) ले तोकेबमोजिम २ वर्गमा वर्गीकरण गरिन्छ।

- परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्व (Financial Liabilities measured at Amortized Cost)
- नाफा वा नोक्सान मार्फत उचित मूल्यमा वित्तीय दायित्व

७.१.३ कर्मचारीलाई कर्जा तथा सापटि

कर्मचारीलाई प्रदान गरेको कर्जा तथा सापटिलाई परिशोधित लागतमा बर्गीकरण गरी मापन गरिएको छ। सो कर्जाहरु चार किसिमका छन् - ६ महिने तलब सापटी, १ वर्षे तलब सापटी, घर,जग्गा खरीद र घर निर्माण तथा मर्मत सापटी र विशेष सापटी। ३% ब्याज दरमा कम्पनीले कर्मचारीहरुलाई ६ महिने तलब सापटी, १ वर्षे तलब सापटी तथा १.५% ब्याज दरमा घर, जग्गा खरीद र घर निर्माण तथा मर्मत सापटी र विशेष सापटी प्रदान गरेको छ।

### ७.१.४ वित्तीय सम्पत्ति र दायित्वहरूलाई पहिचानबाट हटाइने (De-recognition of Financial Assets and Liabilities)

कम्पनीले वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको संभौतागत अधिकार समाप्त भएमा, वा सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाह प्राप्त गर्ने संभौतागत अधिकार हस्तान्तरण गरेमा, त्यस्तो वित्तीय सम्पत्तिलाई अभिलेखबाट हटाउँछ । संभौतामा तोकिएको दायित्व पूरा भएमा, रद्द भएमा वा समाप्त भएमा वित्तीय दायित्वलाई अभिलेखबाट हटाइन्छ ।

### ७.१.५ उचित मूल्यको निर्धारण (Determination of Fair Value)

वित्तीय उपकरणको उचित मूल्य भन्नाले मापन मितिमा बजार सहभागीहरू बीचको व्यवस्थित कारोबारमा सम्पत्ति बेच्दा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्दा तिर्नुपर्ने मूल्य हो । कम्पनीले उचित मूल्य श्रेणीका तीन तहहरू पालना गर्दछ जो निम्नानुसार छन् ।

तह १ सक्रिय बजारहरूमा समान सम्पत्ति वा दायित्वहरूको लागि उद्धृत तथा समायोजित नगरिएको (Quoted & unadjusted) मूल्य

तह २ उचित मूल्य मापनका लागि महत्त्वपूर्ण इनपुटहरू (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अवलोकन गर्न सकिने वा सक्रिय बजारहरूमा समान उपकरणको लागि उद्धृत मूल्याङ्कन वा निष्क्रिय बजारहरूमा समान वा उस्तै उपकरणको लागि उद्धृत मूल्य र

तह ३ उचित मूल्य मापनका लागि महत्त्वपूर्ण इनपुटहरू (inputs) अवलोकन गर्न नसकिने हुन्छन् ।

उद्धृत नगरिएको इक्विटी उपकरणमा लगानीलाई लागतमा राखिन्छ किनकि त्यस्ता शेयरहरूको बजार मूल्य रिपोर्टिङ मितिमा निश्चित रूपमा पत्ता लगाउन सकिँदैन ।

### ७.२ सहायक कम्पनीमा लगानी

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) | ३१ आषाढ २०८० (परिमार्जित) |
|---|---|---|---|
| एसोसिएट कम्पनीमा | – | – | – |
| लगानी (सुचीकृत) | – | – | – |
| एसोसिएट कम्पनीमा लगानी (सुचीकृत नभएको) | – | – | – |
| कुल लगानी | – | – | – |
| खुद जम्मा रकम | – | – | – |

## ८ अन्य लगानी

विशाल बजार कम्पनी लि.मा गरेको लगानीलाई "अन्य विस्तृत आयु मार्फत उचित मूल्यमा वित्तीय सम्पत्ति" अन्तर्गत वर्गीकरण गरिएको छ । साझा पसल सेवामा गरेको लगानी सूचिकृत नभएको हुँदा लागतमा मापन गरिएको छ ।

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) | १ श्रावण २०८० (परिमार्जित) |
|---|---|---|---|
| शेयर लगानी (सुचिकृत भएको) | १३२,२८४,६३४ | १००,४१७,५९० | ८४,२७५,३२४ |
| शेयर लगानी (सुचिकृत नभएको) | ४७६,००० | ४७६,००० | ४७६,००० |
| जम्मा | १३२,७६०,६३४ | १००,८९३,५९० | ८४,७५१,३२४ |

अन्य लगानीको विस्तृत विवरण निम्नानुसार रहेको छ ।

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) | १ श्रावण २०८० (परिमार्जित) |
|---|---|---|---|
| सुचिकृत भएको: विशाल बजार कम्पनी लि. | | | |
| वर्षको सुरूमा जम्मा शेयर | २४,५७० | २४,५७० | २४,५७० |
| यस वर्षमा थप शेयर | - | - | - |
| यस वर्षमा बिक्री/समायोजन | - | - | - |
| वर्षको अन्त्यमा शेयर | २४,५७० | २४,५७० | २४,५७० |
| वर्षको अन्त्यमा बजार मूल्य | ५,३८४ | ४,०८७ | ३,४३० |
| कूल जम्मा | १३२,२८४,६३४ | १००,४१७,५९० | ८४,२७५,१०० |

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) | १ श्रावण २०८० (परिमार्जित) |
|---|---|---|---|
| सुचिकृत भएको: कृषि विकास बैंक | | | |
| वर्षको सुरूमा जम्मा शेयर | - | १ | १ |
| यस वर्षमा थप शेयर | - | - | - |
| यस वर्षमा बिक्री/समायोजन | - | १ | - |
| वर्षको अन्त्यमा शेयर | - | - | १ |
| वर्षको अन्त्यमा बजार मूल्य | | २२४ | २२४ |
| कूल जम्मा | - | - | २२४ |

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) | १ श्रावण २०८० (परिमार्जित) |
|---|---|---|---|
| सुचिकृत नभएको: साझा पसल सेवा | | | |
| वर्षको सुरूमा जम्मा शेयर | ५,००० | ५,००० | ५,००० |
| यस वर्षमा थप शेयर | - | - | - |
